# आमरूपमा महिलाहरू "विश्राम-विहिन" विशाल वर्ग

"यदि तपाईलाई केही भने मात्रै हुन्छ भने- पुरुषलाई अघि सार्नुस्; यदि तपाईलाई केही गर्नै छ भने-महिलामा भर पर्नुस् !"[i]

आज म आफूलाई त्यति सारो मन नपर्ने महिला राजनीतिज्ञ- मार्गरेट थ्याचरको यो भनाइबाट आफ्नो कुरा राख्ने अनुमति चाहन्छु । यो सम्मेलन, सरसर्ती हेर्दा विगतका यस्तै कार्यक्रमहरुको निरन्तरता पनि हो । अवधिको हिसाबले भन्ने हो भन्ने चौथो राष्ट्रिय श्रमिक महिला सम्मेलन पछिको अर्को थप खुट्किला हो । चौथो सम्मेलनको समयमा हामीमा उत्साह थियो । 'नयाँ संविधान बन्छ' भन्नेमा हामीहरु ढुक्क थियौं । अहिले हामी भावी दिनमा दलको भूमिका के हुने हो भन्नेमा सशंकित छौं । त्यस बखत महिलाका हक अधिकारका रूपमा हामीले ११ बुँदे विषय-बस्तु अघि सारेका थियौं -

- पहिचानको रूपमा बंशको अधिकार
- नागरिकतामा समान अधिकार
- सहभागिता (३३% देखि ५०%): समानता र समावेशी
- 'बंश र अंश'मा छोरी र छोरा बीच समानता
- महिला सशक्तिकरणको लागि सकारात्मक योजना (एफर्मेटिभ एक्सन)
- प्रजनन अधिकार
- महिला विरुद्ध हिंसा
- राष्ट्रिय महिला आयोगमा श्रमिक महिला
- महिलालाई गराइने अनौपचारिक श्रमको गणना
- सामाजिक सुरक्षा
- कल्याणकारी राज्य र सामाजिक न्याय

1

यी बुँदाहरुको मूल पक्ष, यो सम्मेलनको वर्गीय अभिव्यक्ति हो भन्ने हामीले ठानेका छौं । एउटा भनाइ छ-

"आम रुपमा आमाहरु र गृहिणीहरु मात्रै यस्ता श्रमिक हुन्, जसले कहिल्यै विश्राम पाउँदैनन् । उनीहरु "बिदा-विहीन विशाल वर्ग (ग्रेट भ्याकेसन-लेस क्लास) हुन् !"[ii]

तसर्थ, यो सम्मेलनको पहिलो पक्ष हो आत्म-समीक्षा । हामीले के कति प्रगति गऱ्यौं यो अवधिमा, त्यसको मूल्याङ्कन गर्ने । जिफन्टले भन्ने गरेको बराबरीको स्थिति कहाँ पुग्यो, त्यसलाई समीक्षा गर्ने ! र यो भन्दा 'स्मार्ट' हुन के गर्नु पर्ला त्यसमा केही समय विमर्श गर्ने । यसका लागि हामीले आफूले अपनाउँदै आएको जेण्डर/महिला नीतिमा आवश्यक परे परिमार्जन गर्ने, काम नलाग्ने पक्षलाई फ्याक्ने र नयाँ आवश्यकता पहिचान गरी त्यसलाई संलग्न गर्नेछौं ।

"तथ्यलाई हेर्ने हो भने, हजारौं श्रमिक महिला सक्रियताको इतिहास छ, त्यसैले आफ्नो आन्दोलनमा महिला संलग्नता बढाउनु ट्रेड युनियनका लागि अति नै महत्वपूर्ण हुन्छ !"[iii]

क्लारा जेट्किनले धेरै बर्ष अघि भनेका यी कुरा हाम्रो श्रमको संसारले कति वास्ता गऱ्यो, लेखाजोखा बाँकी नै छ । तर हामी जिफन्टवालाहरु हरेक साल अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आफ्ना कामको उज्यालो र अँध्यारो पक्ष दुबैको हिसाब- किताब गर्दै आइरहेका छौं । यो कामको लागि हामीले हाम्रो महासंघको जेण्डर परीक्षण सहभागितामूलक ढंगले गराएका छौं । परीक्षणमा चर्चा गरिएका उपलब्धिलाई थप खँदिलो बनाउने र प्राप्त सुझाबलाई कसरी व्यवहारमा लागु गर्ने भन्नेमा सम्मेलनले प्रतिबद्धता जाहेर गर्नेछ ।

दोस्रो पक्ष भनेको “महिला विरुद्धको हिंसा”लाई लिएका छौं । ‘अकुपाई बालुवाटार’ देखि ‘उर्लंदो सय करोड अभियान’ के त्यति कै हुने गरका हुन् ? प्रसङ्गवस एउटा घटना चर्चा गर्ने अनुमति चाहन्छु -

> “सन् १९८४ को कुरा हो । म त्यतिखेर २२ वर्षकी थिएँ । आफु तन्नेरी भएको महसुस गरी मैले आमा बाबुसँग बिदा लिई परदेश भ्रमणमा जाने निर्णय गरें । सक्छेस् र ? मेरी आमाले त्यतिखेर सोधेको प्रश्न अहिले पनि मेरो कानमा गुन्जिन्छ । मैले मनमनै भने- दुनियाँले नगरेको काम मैले गर्न खोजेकी हुँ र ? त्यसपछि म महीनौं लामो भारत यात्रामा निस्किएँ ।
>
> त्यतिबेला अहिले जस्तो ई-मेल र इन्टरनेट थिएन । अर्थात्, सञ्चार अहिले जस्तो सजिलो थिएन । म आफ्ना केही साथीहरुसँगै भारतको विभिन्न स्थानमा लोकल बस र ट्रेन हुँदै चाहारें । भारत विशाल छ, विविधतायुक्त । मैले धेरै अनुभव हासिल गरें तर ती मध्ये केही घटनाले भने मेरो जीवनमा साह्रै गहिरो छाप छोड्यो । म युवा महिला, भारतीयहरुको बोलीमा अङ्ग्रेजी मेम । जुन- जुन लोकल ट्रेन र बस मैले चढें, प्रत्येक ठाउँमा पुरुषहरु जानी जानी मलाई असभ्य तरिकाले धक्का दिन्थे, शरीरलाई छुन्थे । मैले आफुमाथि भइरहेको दुर्वव्यहारको प्रतिकार गर्ने परिस्थिति नै रहेन । महिना बित्यो तर मेरो सिङ्गो बसाइमा यस्ता घटनाले निरन्तरता पाइ नै रह्यो । सुरुमा थाहा नपाए जस्तो गरें, तर बिस्तारै ममा एउटा बानी विकास भयो- जुन उमेरका पुरुष देखे पनि अर्कोतिर हेर्ने वा मुन्टो निहुराई हिड्ने । पछि त यस्तो भयो कि म अस्ट्रेलिया फर्किएपछि पनि भारतीय मूलका पुरुष देख्यो कि टाउको निहुराएर हिड्ने भएँ । र, अहिले पनि झट्ट कोही भारतीय पुरुष देखियो भने मेरो शीर त्यसै निहुरिन्छ- कि त अर्कोतिर बटारिन्छ ।”

यो कथा हाम्रो एकजना साथीको हो, उहाँ अहिले यही कार्यक्रममा उपस्थित हुनुहुन्छ- एलिसन टेट ! उहाँ एकजना सामान्य अस्ट्रेलियन नागरिक मात्रै हैन, लामो समयसम्म अस्ट्रेलियाको ट्रेड युनियन केन्द्र- अस्ट्रेलियन काउन्सील अफ ट्रेड युनियनको परराष्ट्र सचिव र हाल विश्वको १५६ देशका ३१५ ट्रेड युनियन केन्द्रमा आबद्ध १७ करोड ५० लाख सदस्य भएको अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आईटियुसी)को महासचिवका परराष्ट्र मामिलाका सल्लाहकार समेत हुनुहुन्छ । अध्ययनको हिसाबले उहाँ अर्थशास्त्री हुनुहुन्छ भने बर्मा, थाइल्याण्ड लगायतका देशहरुमा लोकतन्त्रप्राप्तिको लागि क्रियाशील ट्रेड युनियन आन्दोलनको क्षमता अभिवृद्धिमा मैदानमा नै सक्रिय रही लामो समय बिताएको व्यक्तित्व हुनुहुन्छ । यो विवरणले बताउँछ, मानिस जति दह्रो भए पनि ‘सिस्टम’ले कसरी दास बनाउँदो रहेछ ?!



सन् २०१२ मा भारतभरि भएका महिला हिंसाका जघन्य घटनाहरुलाई त्यो समाजमा गहिरो गरिरहेको असमान लैङ्गिक आचरणलाई बिम्बित गर्छ । हरेक १४ मिनेटमा एक जना महिला बलात्कृत हुने तथ्य रहेको ‘ठूलो’ लोकतन्त्रलाई नराम्रो गरी खिल्ली उडाउने ती सबै मध्येको बर्बर अपमानजनक घटना चाहिँ हुनपुग्यो दिल्लीको गुडिरहको बसमा ६ जना हरामहरुले सामूहिक बलात्कार गरी फ्याकिएकी चिकित्साशास्त्रकी एक बहादुर छात्रामाथिको अत्याचार ।

तर के हाम्रो देश चाहिँ सौम्य छ त ? समाचारले चिच्याई चिच्याई भन्छ- अपराध र अत्याचारको सिलसिलामा नेपालको अनुहार पनि रगतै रगतले लतपत छ । सन् २०१२ को शुरु मै पश्चिम नेपालमा एक सन्कीले स्कूले दुई अबोध छोरीलाई रातीको समयमा नदीमा फ्याकी दियो र हल्ला मच्चायो- छोरीहरुको अपहरण भयो । मध्यमाञ्चलमा अर्कोले मुला काटे झै तीन जना सन्तानलाई सोत्तर पार्यो । नोभेम्बर महिना त यो साल अभिषाप नै बन्यो । महिला हिंसा विरुद्धको १६ दिने अभियान कै क्रममा १२ जना महिलाको नृशंस हत्या भयो । राज्यले काम र माम नदिएपछि आफै काम खोजेर जसोतसो स्वदेश फर्किएकी एक चेलीलाई राज्यले नै लुट्यो, बलात्कार गर्यो र अपमान समेत गर्यो ।

आङ् जिरिङ्ग गर्ने घटनाको फेहरिस्त अझै लामो छ- "आफ्नै बाबुले आफ्नै नाबालक छोरीलाई निरन्तर बलात्कार गऱ्यो; आफ्नै प्रेमीले आफ्नी प्रेमिकालाई माऱ्यो, बेच्यो; आफ्नै छोराले उमेर ढल्दै गरेकी आफ्नी आमालाई निर्ममतापूर्वक यातना दियो र मारिदियो; जीवनको बाँकी दिन साथ साथ गुजार्ने सपना बोकी बिहे गरेर आएकी बुहारीलाई त्यही घरका सदस्यहरुले नै निर्ममतापूर्वक मारिदिए; आफ्नै बाबु-आमाले आफ्नै छोरीलाई जिउँदै जलाए..." आदि !

त्यसैले, यो सम्मेलनले जोड दिन चाहेको विषय हो- हाम्रो समाजमा महिला विरुद्ध हुने ज्यादतीलाई नियन्त्रण कसरी गर्ने ?!

संयुक्त राष्ट्रसंघीय एजेन्सी, युएन ओमनले यो बर्ष सार्वजनिक गरेको तथ्याङ्क अनुसार विश्वमा- "५०% यौनजन्य आक्रमण १६ वर्षमुनिका किशोरी विरुद्ध हुने गरेको छ; ६० करोड ३० लाख महिलाहरु रहेने देशहरुमा घरेलु हिंसालाई अझै अपराध ठानिन्न; ७०% भन्दा बढी महिलाहरुले जीवनको कुनै न कुनै मोडमा भौतिक वा यौनजन्य हिंसा भोगेका छन्; १८ बर्ष भन्दा कम उमेरका ६ करोड भन्दा बढी केटीहरुको बालविवाह हुने गरेको छ !"

नेपाल कै तथ्याङ्क पनि उत्तिकै डरलाग्दो छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट सार्वजनिक पछिल्लो प्रतिवेदन अनुसार ३५% नेपाली महिलाहरु कुनै न कुनै प्रकारको हिंसाको शिकार भएका छन् । एक अर्को जानकारी अनुसार, पीडितहरुमध्ये श्रमजीवी महिलाहरुको सङ्ख्या ६८% बताइएको छ । एउटा सार्वजनिक तथ्याङ्क अनुसार सन् २०१२ को पछिल्लो ५ महिनामा हरेक २० मिनेटमा एक जना महिलामाथि बलात्कार भएको छ ।

यी सबै विवरणबाट एउटा निष्कर्षमा पुगिन्छ- "हिंसाको जातजाति, वर्ग, धर्म वा राष्ट्रियता हुँदैन । तर त्यसको जेण्डर हुन्छ !"[iv]



त्यसैले हामी यो सम्मेलनबाट जेण्डर समानताको पक्षमा थप योजना बनाउने छौँ । र श्रमको संसार र हाम्रो आफ्नै परिवारभित्र हुनसक्ने सम्भावित हिंसाबाट श्रमिक महिलालाई बचाउन एउटा अचार संहिता तयार गर्नेछौँ ।

गान्धी जी भन्छन्- "महिलाहरु समान मानसिक क्षमताप्राप्त पुरुषका साथीहरु हुन्, नैतिक शक्तिलाई शक्ति मान्ने हो भने महिला पुरुषभन्दा अतुलनीय ढंगमा श्रेष्ठ छन्... यदि अहिंसालाई हाम्रो जीवन दर्शनको विधि मान्ने हो भने, भविष्य महिलाहरुसँगै छ !"[v]

म युएन- ओमनको यो वर्षको थेमलाई एकपटक दोहऱ्याउने अनुमति चाहन्छु- "कुरो होइन, काम गराँ - महिला विरुद्धको हिंसा अन्त्य गरौं !"[vi]

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको हार्दिक शुभकामना !!!

धन्यवाद!

(विष्णु रिमालः पाँचौँ राष्ट्रिय श्रमिक महिला सम्मेलनमा दिइएको मन्तव्यको सम्पादित संस्करण; ८ मार्च २०१३)

---

i "If you want something said-ask man, if you want something done, ask woman!" —*Thacher*

ii "By and large, mothers & housewives are the only workers who donot have regular time-off. They are the great vacation-less classs!"

iii "Given the fact that many thousands of female workers are active in history, it is vital for the trade unions to incorporate them into their movement." — *Clara Zetkin*

iv "Violence doesnot have its class, race or caste, religion and nationality, but it does have a gender"

[v] "Woman is the companion of man, gifted with equal mental capacity; if by stength is meant moral power, then woman is immeasurably man's superior… if non- violence is the lawe of our beung,the future is with women.." — *Gandhi*

[vi] "A promise is a Promise: Time for Action to End Violence Against Women" — *UN Woman*